| विषय सुची | पेज नं. |
|---|---|


१. सम्पति करः ३ –५
२. भूमि कर (मालपोत): ६
३. घर वहाल करः ७
४. व्यवसाय करः ७
५. जडिबुटी, कवाडी र जीवजन्तु करः ७
६. सवारी साधन ७
७. विज्ञापन करः ८
८. मनोरन्जन करः ८
९. बहाल बिटौरी शुल्कः ९
१०. पार्किङ शुल्कः ९
११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः ९
१२. सेवा शुल्क, दस्तुरः १०–१८
१३. पर्यटन शुल्क १९

# विजयनगर गाउपालिकाको आर्थिक ऐन ,२०७५

## विजयनगर गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** विजयनगर गाउँपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम विजयनगर गाउँ सभाले यो ऐन बनाएको छ ।

१४. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल **श्रवाण १** गतेदेखि **विजयनगर**गाउँ क्षेत्रमा लागू हुनेछ ।

१५. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

१६. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

१७. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

१८. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ

१९. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

२०. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२१. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२२. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२३. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२४. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

२५. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¬याफ्टीङ्ग शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¬याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२६. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२७. **पर्यटनशुल्क:**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२८. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२९. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसुचीहरु**

अनुसूचि (१)

## (क) एकीकृत सम्पत्ती कर दर

## एकीकृत सम्पत्ति करको दर

| **करयोग्यएकीकृत सम्पत्तिको मूल्य** | **बार्षिक दर (कोष्ठमा उदाहरण)** |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु ५०। (पचास) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाख रु.१०। (रु दश) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु २०। (रु विस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु २५। (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु. ३०। (रु तिस) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. ४५। (रु पैंतालिस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख रु. ५०। (रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**माथि उल्लिखित दरको आधारमा लाग्ने करको उदाहरण :**

| मूल्यांकन लाखमा | करको दर | कर रकम |
|---|---|---|
| ५० | १० | ५०० |
| १०० | २० | २००० |
| २०० | २५ | ५००० |
| ३०० | ३० | ९००० |
| ५०० | ४५ | २२५०० |
| १००० | ५० | ५०००० |
| १५०० | ५० | ७५००० |

## (ख) जग्गाको न्युनतम मुल्यॉंकन दर

| सि.न. | विवरण (प्रति कठ्ठा ) | सटेको | नसटेका | कैफियत |
|---|---|---|---|---|
| १ | आर टि ओ सडकको जग्गा प्रति कठ्ठा | ३ लाख | १ लाख ५०हजार | |
| २ | झूलनीया मार्गको जग्गा | २ लाख | १ लाख | |
| ३ | महदैय देखी मयनारी सम्म झिगहा जोडने बाटोको जग्गा | १ लाख | ७० हजार | |
| 4 | पत्थरदेइया परसोहीय देखी आर टि ओ सडकको जग्गा | १ लाख | ७० हजार | |
| 5 | सूरही पूल देखी आर टि. ओ सडकको जग्गा | २ लाख | १ लाख | |
| 6 | महिलवार देखी बरगदवा विजौनीया पडरीया ,गूगौली सम्मको सडकको जग्गा | १ लाख | ७० हजार | |
| 7 | हल्लानगरको पूल देखी शंकरपूर कूडऊ मिझूनीया विजयनगर प्रेमनगर आर टि ओ सडकको जग्गा | २ लाख | १ लाख | |
| 8 | शंकरपूर झलनीय देखी मौवावारी मगरघट्टा आर टि ओ सम्म सडकको जग्गा | १ लाख | ७० हजार | |
| 9 | हूलाकी सडकको जग्गा | १ लाख ५० हजार | ८० हजार | |
| 10 | अन्यत्रको सडकको जग्गा | १० लाख | ८० हजार | |
| ११ | बगर जग्गा | २० हजार | | |

## (ग) सँरचनाको मुल्यॉंकन दर

| सि.न. | विवरण | किसिम | | |
|---|---|---|---|---|
| | | एक तले | दूई तले | तीन तले |
| १ | RCC घर | ५ लाख | ८ लाख | १० लाख |
| २ | अर्धकच्ची घर | ३ लाख | | |
| ३ | व्यापारिक Shed घर | ३ लाख | | |
| ४ | कच्ची घर | १ लाख | | |
| ५ | फुसको गोठ छाप्रो | **२० हजार** | | |

## (घ) म्यादभित्रविवरण दाखिलानभएमालिइने थप शुल्कको दर

| सम्पत्तिको मूल्यांकन रकम | चालू मा प्रथम चौमासिक भित्र बुझाएमा छुट | दोस्रो र तेस्रो चौमासिकमा बुझाएमा | एक आ.व. म्याद नाघेमा जरिबाना | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म | म्याद नाघेको तेस्रो आ.व.पछि पाँचौं आ.व.सम्म |
|---|---|---|---|---|---|
| ५० लाख सम्म | ५ प्रतिशत | छुट नहुने | १० प्रतिशत | १५ प्रतिशत | २५ प्रतिशत... |
| ५० लाखभन्दा माथि १ करोडसम्म | ५ प्रतिशत | छुट नहुने | १० प्रतिशत | १५ प्रतिशत | २५ प्रतिशत |
| १ करोड भन्दा माथि २ करोड सम्म | ५ प्रतिशत | छुट नहुन | १० प्रतिशत | १५ प्रतिशत | २५ प्रतिशत |
| २ करोड भन्दा माथि जतिसुकै | ५ प्रतिशत | छुट नहुने | १० प्रतिशत | १५ प्रतिशत | २५ प्रतिशत |

## (ङ) सँरचना हास्र कट्टी दर

| संरचनाको किसिम → <br> संरचनाको आयु ↓ | RCC घर | अर्धकच्ची घर | व्यापारिक Shed घर | कच्ची घर | फुसको गोठ छाप्रो |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

अनुसुची २

**भुमि करः**

११) जग्गा तर्फ : मालपोत

| सि.न. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | १ विघा सम्म प्रति कठ्ठा | ५ | ५ |
| २ | २ विघा सम्म प्रति कठ्ठा | ५ | ५ |
| ३ | ३ विघा सम्म प्रति कठ्ठा | ६ | ६ |
| ४ | ३ विघा भन्दा माथि | १० | १० |
| ५ | न्यूनतम मालपोत | २० | २० |
| ६ | ८ नं. ऐलानी प्रति कठ्ठा आएस्ता | २० | २० |

जरिवाना सम्बन्धी व्यवस्था : चालू आय व्याय भित्र मालपोत नतिरेमा पहिलो बर्षको लागी २० प्रतिशत दोस्रो बर्षको लागी ३० प्रतिशत, तेस्रो बर्ष बाट ४० प्रतिशत,चौथो बर्षबाट ४५ प्रतिशत र पाचौं बर्षबाट ५०,५५ क्रमशः जरिवाना असूल उपर गरिने छ ।

**नोटः एकीकृत सम्पत्ती कर लागु हुनु भन्दा अगाडी कर जम्मा नगरेको भए माथिको दर अनुसार कर असुल उपर गर्ने ।**

अनुसूचि (३)

## घर बहाल करः

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएको मा १० प्रतिशत घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

अनुसुची ४

**व्यवसाय करः**

व्यापार,व्यवसाय वा सेवामा पूजिगत लगानी र आर्थिक कारोबारको १ प्रतिशतका दरले कर लगाइने छ ।

## अनुसूचि (५)

**जडिबुटी, कवाडी र जीवजन्तुकरः**

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वासंस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत १ प्रतिशत कर लगाइने र असूल उपर गरिनेछ।

## अनुसूचि (६)

**सवारी साधन कर**

| सि.न. | सेवाको किसिम | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | बस, ट्रक ,लारी आदि हेवी सवारी | | प्रदेश सरकाले तोकेको बमोजिम |
| २ | कार जिप माइक्रो बस | | प्रदेश सरकाले तोकेको बमोजिम |
| ३ | टेम्पो मिनिवस बार्षिक | | प्रदेश सरकाले तोकेको बमोजिम |
| ५ | पावरटेलर बार्षिक | | प्रदेश सरकाले तोकेको बमोजिम |
| ६ | रोलर, ग्रेडर,भ्याकूलोडर बार्षिक | | २००० |
| ७ | टेक्टर बार्षिक | १०० | १००० |
| ८ | ठेला गाडा ,रिक्सा अटो रिक्सा,ई रिक्सा बार्षिक | ५० | १०० |

## अनुसूचि (७)

**विज्ञापन करः**

| सि.न. | शिर्षक | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६ मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | ग्लो साइन बोड, डि.पि.एस बोर्ड प्रति व.फि | ० | ५० |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फिट | ० | ५ |
| ३ | व्यानर बढीमा एक महिना सम्मको लागी प्रति गोटा रु | ० | ३०० |

### अनुसुची ८

**मनेरजन करः**

| सि.न. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | सर्कश जादू प्रतिदिन | ० | ५०० |
| २ | भिडिओ प्रतिदिन | ० | १०० |
| ३ | बालउद्यान बार्षिक | ० | ५०० |
| ४ | अन्य मेलामहोत्सव प्रतिदिन | ० | १०० |

नोटः तर प्रदेश सरकारले करको दर तोके पछि सोही बमोजिम हुने छ ।

अनुसुची ९

**बहाल बिटौरी शुल्कः**

गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचनाहरुमा देहाय बमोजिम बहाल विटौरी शुल्क लगाइने छ ।

१.पक्की भवनको प्रति तल्ला मा बार्षिक रु ५०० ।

२.कच्ची भवनमा बार्षिक रु २००।

## अनुसुची १०

**पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारीसाधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत यसमा आ.ब.मा पार्किङशुल्क लगाइने छैन ।

## अनुसुची ११

**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचाल नगरे वापत यस आ.ब.मा लगाइने छैन ।

## अनुसुची १२

**सेवा शुल्क दस्तुर**

| सि.न. | सेवाको किसिम | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | स्थलगत प्राविधिक सेवा शूल्क प्रति पटक | ५०० | १००० |
| २ | घरेलू उद्योग सर्जमीन | ३०० | ५०० |
| ३ | मझौला उद्योग सर्जमीन | १००० | १००० |
| ४ | ठूला उद्योग सर्जमीन | २००० | २००० |
| ५ | अन्य सर्जमीन तथा मूचूल्का | ३०० | ३०० |
| ६ | मिलापत्र शूल्क दूवै पक्षसंग | २०० | न्यायिक समितिले तोके बमोजिम |
| ७ | अचल सम्पत्ति मूल्यांकन | | |
| | क. न्यूनतम ५ लाख | ५०० | ५०० |
| | ख ५ लाख भन्दा बदि २५ लाख भन्दा कम | १००० | १००० |
| | ग. २५ लाख भन्दा बढिको हकमा | २००० | २००० |
| ८ | आय प्रमाणित | | |
| | क. न्यूनतम ५ लाख | ५०० | ५०० |
| | ख. ५ लाख भन्दा बढि २५ लाख सम्म | १००० | १००० |
| | ग.२५ लाख भन्दा बढि हकमा | २००० | २००० |
| ९ | साँध सिमाना प्रमाणित | ३०० | ३०० |

| | | | |
|---|---|---|---|
| १० | नाता प्रमाणित दस्तूर (मृतक/जिवित) | ३०० | ३०० |
| ११ | बसोबास प्रमाणित बैदेशिक प्रयोजन | २००० | २००० |
| १२ | बसोबास प्रमाणित स्वदेशी प्रयोजन | १००० | १००० |
| १३ | आविवाहित प्रमाणित | २०० | २०० |
| १४ | पूर्जामा घर कायम सिफारिस | ५०० | ५०० |
| १५ | नागरिकता प्रमाणपत्रको सिफारिस | २०० | २०० |
| | क. बंशजको सिफारिस | २०० | २०० |
| | ख. अड.गीकृत सिफारिस | २०० | २०० |
| | ग. नागरिकता प्रतिलिपी सिफारिस | २०० | २०० |
| १६ | जग्गा नामसारीको सिफारिस | ४०० | ४०० |
| १७ | नामथर संसोधन सिफारिस | २०० | २०० |
| १८ | प्रतिलिपी प्रति थान | ५ | ५ |
| १९ | छूट जग्गा दर्ताको सिफारिस दस्तूर | | |
| | क. प्रति कठ्ठा | ५०० | १००० |
| | ख. ५ कठ्ठा भन्दा माथी(प्रति कठ्ठा थप) | २० | २० |
| २० | विभिन्न जात जाति सिफारिस | १०० | १०० |
| २१ | जिवित रहेका सिफारिस | ३०० | ३०० |
| २२ | पालनपोषण सिफारिस | ० | १००० |
| २३ | अस्थाई बसोबासको सिफारिस | ३०० | ३०० |
| २४ | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | ५०० | ५०० |
| २५ | भरतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | १००० | १००० |
| २६ | अन्य मूलूक पेन्सन पटटा सिफारिस | २००० | २००० |
| २७ | अपूताली सिफारिस नेपालको लागी | १००० | १००० |
| २८ | आपुताली सिफारिस विदेशीको लागी | ३००० | ३००० |
| २९ | व्यक्तिगत घटनादर्ता (जन्म मृत्यू ,विवाह सम्बन्ध विच्छेद र बसाईसराई ३५ दिन सम्म शूल्क नलाग्ने ३५ दिन पछि विलम्ब लाग्ने) | ५० | ५० |
| ३० | अंग्रेजीमा सिफारिस | ५०० | ५०० |
| ३१ | अंग्रेजीमा नाता कायम | ५०० | ५०० |
| ३२ | चारित्रिक सिफारिस | | |
| | क. नेपाली | ३०० | ३०० |
| | ख.अंग्रेजी | ५०० | ५०० |
| ३३ | फोटो टांस सिफारिस | ३०० | ३०० |
| ३४ | मिन्ही डिह जग्गाको सिफारिस | ५०० | |
| | क.न्यूनतम ५ धूर सम्म | | ५०० |
| | ख. थप प्रति धूर | ५० | ५० |
| ३५ | मोही नामसारी | ३०० | ३०० |
| ३६ | बैदेशिक रोजगारको लागी सिफारिस | ७०० | ७०० |
| ३७ | जग्गा धनी पूर्जा हराएको सिफारिस | ३०० | ३०० |
| ३८ | कित्ता काट सिफारिस | ३०० | ३०० |

| | | | |
|---|---|---|---|
| ३९ | जग्गाको हक सिफारिस | ३०० | ३०० |
| ४० | उद्योग ठाउसरी सिफारिस | १००० | १००० |
| ४१ | विद्यालय ठाउसरी सिफारिस | | |
| | सरकारी विद्यालय | ३०० | ५०० |
| | निजी विद्यालय | | १००० |
| ४२ | कोठा खोल्ने सिफारिस | १००० | १००० |
| ४३ | विद्यूत जडानको सिफारिस व्यक्तिगत घर | ३०० | ३०० |
| | ५ देखी १५ एम्पीयर सम्म | | १००० |
| | १६ देखी ३२ एम्पीयर सम्म | | २००० |
| ४४ | विद्यूत जडान सिफारिस ३२ एमपीर व्यवसायको लागी | १००० | १००० |
| ४५ | विद्यूत जडान सिफारिस ३ फेस | २००० | ५००० |
| | क.विद्यूत ट्रन्सफारमर जडान सिफारिस समूदायका लागी | २००० | ५०० |
| | ख.विद्यूत ट्रन्सफारमर जडान सिफारिस व्यवसायका लागी | | ७०० |
| ४६ | रुख काट्ने सिफारिस प्रति गोटा | ३०० | ३०० |
| ४७ | कर चूक्ता सिफारिस | २०० | २०० |
| ४८ | उल्लेखित बाहेक अन्य विविध सिफारिस | २०० | २०० |
| | दर्ता तर्फ | | |
| ४९ | बैंक तथा बित्तिय संस्था दर्ता | ५००० | ५००० |
| ५० | उद्योग : उत्पादन मूलक उद्योग | | |
| | क. ठूला उद्योग | ३००० | ३००० |
| | ख. मझौला उद्योग | २००० | २००० |
| | ग.सानो उद्योग | १००० | १००० |
| ५१ | उद्योग : उर्जा मूलक उद्योग | | |
| | क. ठूला उद्योग | ३००० | ३००० |
| | ख.मझौला उद्योग | २००० | २००० |
| | ग. साना उद्योग | १००० | १००० |
| ५२ | उद्योगहरु : कृषि तथा बन जन्य | | |
| | क.ठूला उद्योग | ३००० | ३००० |
| | ख.मझौला उद्योग | २००० | २००० |
| | ग.साना उद्योग | १००० | १००० |
| ५३ | उद्योगहरु : खनिज | | |
| | क.ठूला उद्योग | ३००० | ३००० |
| | ख.मझौला उद्योग | २००० | २००० |
| | ग.साना उद्योग | १००० | १००० |
| ५४ | पर्यटन उद्योग | १००० | १००० |
| ५५ | सेवामूलक उद्योग | ४००० | ४००० |
| ५६ | निर्माण उद्योग | ६००० | ६००० |

| | | | |
|---|---|---|---|
| ५७ | सभा कक्ष हल भाडा प्रति पटक | ५०० | २००० |
| ५८ | किराना ,कपडा , फेन्सी , तथा अन्य पसल दर्ता | ५०० | ५०० |
| ५९ | इटा भट्टा ठूलो | १००० | ५००० |
| ६० | इटा भट्टा भूसी | ५०० | ३००० |
| ६१ | सेलरमिल | १००० | १००० |
| ६२ | भेली क्रेसर ठूलो | २००० | २००० |
| ६३ | भेली क्रेसर सानो | १००० | १००० |
| ६४ | आमा समूह दर्ता | २०० | २०० |
| ६५ | अन्य सहकारी दर्ता | ५०० | ५०० |
| ६६ | टोल सूधार दर्ता | २०० | २०० |
| ६७ | यूवा क्लब दर्ता | ५०० | ५०० |
| ६८ | संघ संस्था दर्ता | १००० | १००० |
| ६९ | ग्रिल फलामे व्यवसाय | १००० | १००० |
| ७० | वर्कसाप | ५०० | ५०० |
| ७१ | न्यायीक समीतिमा निवेदन | १०० | १०० |
| ७२ | हाट बजार दर्ता | ५०० | ५०० |
| ७३ | ठेक्का व्यवसाय दर्ता | ५००० | ५००० |
| ७४ | बचत तथा ऋण सहकारी संस्था | ५०० | ५०० |
| ७५ | टिभी केबल दर्ता | १००० | १००० |
| ७६ | रेडीयो एफएम दर्ता | १००० | १००० |
| ७७ | पत्रपत्रिका दर्ता | ५०० | ५०० |
| ७८ | किराना पसल | १००० | १००० |
| ७९ | रेष्टूरेण्ट तथा लज दर्ता | १००० | १००० |
| ८० | हार्डवेयर पसल | १००० | १००० |
| ८१ | मदिरा पसल | १००० | १००० |
| ८२ | सेवा परामर्श | ५००० | ५००० |
| ८३ | गाउ क्षेत्र भित्र संचालित व्यवसायिक केबूल व्यवसायमा बार्षिक | | ५००० |
| ८४ | इन्टरनेट सेवा प्रदायक ठूला व्यवसाय | | ३००० |
| ८५ | इन्टरनेट सेवा प्रदायक सानो व्यवसाय | | २००० |
| ८६ | टेलिफोन सेवा प्रदायक टावर | | १०००० |
| ८८ | अन्य दर्ता | ० | १००० |

ख. नवीकरण कर

| सि.नं. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | बैंक तथा बित्तिय संस्था नबकिरण | | ३००० |
| २ | उद्योग : उत्पादन मूलक उद्योग | | |

| | | | |
|---|---|---|---|
| | क. ठूला उद्योग | | २००० |
| | ख. मझौला उद्योग | | १००० |
| | ग.सानो उद्योग | | ५०० |
| ३ | उद्योग : उर्जा मूलक उद्योग | | |
| | क. ठूला उद्योग | | २००० |
| | ख.मझौला उद्योग | | १००० |
| | ग. साना उद्योग | | ५०० |
| ४ | उद्योगहरु : कृषि तथा बन जन्य | | |
| | क.ठूला उद्योग | | २००० |
| | ख.मझौला उद्योग | | १००० |
| | ग.साना उद्योग | | ५०० |
| ५ | उद्योगहरु : खनिज | | |
| | क.ठूला उद्योग | | २००० |
| | ख.मझौला उद्योग | | १००० |
| | ग.साना उद्योग | | ५०० |
| ६ | यूवा क्लब | २०० | २०० |
| ७ | संघ संस्था | १००० | १००० |
| ८ | ग्रिल फलामे व्यवसाय | ३००० | ३००० |
| ९ | वर्कसाप | १००० | १००० |
| १० | हाट बजार दर्ता नविकरण | १००० | १००० |
| ११ | ठेक्का व्यवसाय नविकरण | २००० | ३००० |
| १२ | बचत तथा ऋृण सहकारी संस्था | ५०० | ५०० |
| १३ | टिभी केबल | ३०० | ३०० |
| १४ | रेडीयो एफ एम | ५००० | ५००० |
| १५ | पत्रपत्रिका | १००० | १००० |
| १६ | मासू पसल | १००० | ५०० |
| १७ | किराना पसल | २००० | १००० |
| १८ | रेष्टूरेण्ट तथा लज | १००० | १००० |
| १९ | हार्डवेयर पसल | ३००० | ३००० |
| २० | मदिरा पसल | १००० | १००० |
| २१ | सेवा परामर्श | १०००० | ५००० |
| २२ | इटा भट्टा ठूलो | १००० | ५००० |
| २३ | इटा भट्टा भूसी | ५०० | ३००० |
| २४ | सेलरमिल | १००० | १००० |
| २५ | भेली क्रेसर ठूलो | २००० | ३००० |
| २६ | भेली क्रेसर सानो | १००० | २००० |
| २७ | आमा समूह नवीकरण सिफरिस | २०० | २०० |
| २८ | सहकारी दर्ता नवीकरण सिफारिस | १००० | १००० |
| २९ | टोल सूधार नवीकरण सिफारिस | २०० | २०० |

| | | | |
|---|---|---|---|
| ३० | गाउ क्षेत्र भित्र संचालित व्यवसायिक केबूल व्यवसायमा बार्षिक | | २००० |
| ३१ | इन्टरनेट सेवा प्रादयक | | २००० |
| ३२ | इन्टरनेट सेवा प्रादयक सानो व्यवसाय | | १००० |
| ३३ | टेलिफोन सेवा प्रदायक टवार | | ५००० |
| ३० | अन्य | ० | १००० |
| ३१ | घर नक्सा पास | | ५०० |

# पशू तथा कृषि सेवा तर्फको शूल्क र दस्तूर

| सि.नं. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | पशू उपचार तथा जांच तर्फको शूल्क | | |
| | गाई भैसी | | १५ |
| | बाखा | | १० |
| | कूखूरा | | ५ |
| | कूकूर, विरालो | | २० |
| | जंगली जनावर | | १०० |
| | कृत्रिम गर्भधान | | १०० |
| २ | पोष्टमाटम तर्फ | | |
| | कूखूरा | | २०० |
| | बाखा | | ३०० |
| | गाई भैसी | | ५०० |
| | अन्य जनावर | | ५०० |
| ३ | गोबर जांच | | ५० |
| ४ | दूध परीक्षण | | १०० |
| ५ | पिसाब परीक्षण | | १०० |
| ६ | अन्य परीक्षण | | ५०० |
| ७ | माटो परीक्षण | | ५० |
| ८ | माछा पोखरी पानी परीक्षण | | १०० |
| ९ | किटनासक विषादी प्रति गोटा | | २० |
| १० | शूक्ष्म तत्व | | २५ |
| ११ | फार्म सहकारी दर्ता | | १००० |
| १२ | फार्म सहकारी नविकरण | | ५०० |
| १३ | नर्सरी दर्ता | | २०० |
| १४ | नर्सरी नविकरण | | १०० |
| १५ | अन्य संस्था दर्ता | | १००० |
| १६ | अन्य संस्था नविकरण | | १०० |

| | | | |
|---|---|---|---|
| १७ | कृषि विद्यूत मिटर सिफारिस | | ५०० |
| १८ | व्यवसाय फर्म स्टीमेट दस्तूर | | |
| | २५ लाख सम्म | | १००० |
| | ५० लाख सम्म | | १५०० |
| | १ करोड सम्म र माथि | | २००० |
| १९ | व्यवसाय सर्जमीन | | ५०० |

शिक्षा शाखा तर्फको राजस्व/शूल्क दर, २०७५।७६

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय कक्षा थप तथा विद्यालय अनूमती फारम | | |
| | सामूदायिक | ७०० | |
| | संस्थागत | १५०० | |
| २ | विद्यालय कक्षा थप तथा विद्यालय अनूमती पत्र | | |
| | सामूदायिक | १००० | |
| | संस्थागत | २००० | |
| ३ | सरुवा सहमती (जिल्लाभित्र आउने जाने) | | |
| | प्राथमिक शिक्षक | १००० | |
| | निम्नमाध्यमिक शिक्षक | १५०० | |
| | माध्यमिक शिक्षक | २००० | |
| ४ | सरुवा सहमती (जिल्ला बाहिर आउने जाने) | | |
| | प्राथमिक शिक्षक | २००० | |
| | निम्नमाध्यमिक शिक्षक | ३००० | |
| | माध्यमिक शिक्षक | ५००० | |
| ५ | करार शिक्षक नियूक्ति अभिलेखिकरण | | |
| | प्राथमिक शिक्षक | १००० | |
| | निम्नमाध्यमिक शिक्षक | १२०० | |
| | माध्यमिक शिक्षक | २००० | |
| | माध्यमिक शिक्षक (द्धितीय) | २५०० | |
| ६ | कक्षा ८ मार्कसिट सच्याउने | २०० | |
| ७ | बिषय बिज्ञमा सुचिकृत | | |
| | प्राथमिक शिक्षक | ५०० | |
| | निम्नमाध्यमिक शिक्षक | ८०० | |
| | माध्यमिक शिक्षक | १००० | |
| | माध्यमिक शिक्षक (द्धितीय) | १२०० | |

## स्वास्थ्य तर्फको शूल्क र दस्तूर

| सि.न. | सेवाको किसिम | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | चिकित्सकहरुको सेवा शूल्क | | ५० |
| २ | प्रयोगशाला शुल्क(कार्यपालिकाबाट तोकिने छ ) | | ५० देखी २०० |
| ३ | निजि स्वास्थ्य संस्था सिफारिस पोली दर्ता | १००० | १००० |
| ४ | निजि स्वास्थ्य संस्था सिफारिस तथा नर्सिङ होम दर्ता | ५००० | ५००० |
| ५ | निजी स्वास्थ्य संस्था अस्पताल सिफारिस | १०००० | १०००० |
| ६ | मेडीकल / क्लिनिक नविकरण | ५००० | २००० |

**चार किल्ला प्रमाणित**

| सि.न. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | आर टि ओ सडक | ५०० | ५०० |
| २ | झूलनीया मार्ग | ४०० | ४०० |
| ३ | महदैय देखी मयनारी सम्म झिगहा जोडने बाटो | ४०० | ४०० |
| 4 | पत्थरदेइया परसोहीय देखी आर टि ओ सडक | ३०० | ३०० |
| 5 | सुरही पूल देखी आर टि. ओ सडक | ४५० | ४५० |
| 6 | महिलवार देखी बरगदवा विजौनीया पडरीया ,गुगौली सम्मको सडक | ३०० | ३०० |
| 7 | हल्लानगरको पूल देखी शंकरपूर कूडऊ मिझूनीया विजयनगर प्रेमनगर आर टि ओ सम्म | ३०० | ३०० |
| 8 | शंकरपूर झलनीय देखी मौवावारी मगरघट्टा आर टि ओ सम्म सडकको घर | ३०० | ३०० |
| 9 | अन्यत्रको घर | २५० | २५० |

नोट : न्यूनतम ५ कित्ता सम्म माथि उल्लेखित दर रेट र सो भन्दा प्रति कित्ता थप रु ५ लिने

## घर बाटो सिफारिस

| सि.न. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | आर टि ओ सडक | ३०० | ३०० |
| २ | भ्रूलनीया मार्ग | २०० | २०० |
| ३ | महदैय देखी मयनारी सम्म भिगहा जोडने बाटो | २०० | २०० |
| ४ | पत्थरदेइया परसोहीय देखी आर टि ओ सडक | १५० | १५० |
| ५ | सूरही पूल देखी आर टि. ओ सडक | २२५ | २२५ |
| ६ | महिलवार देखी बरगदवा विजौनीया पडरीया ,गूगौली सम्मको सडक | २०० | २०० |
| ७ | हल्लानगरको पूल देखी शंकरपूर कूडऊ मिभ्रूनीया विजयनगर प्रेमनगर आर टि ओ सम्म | २०० | २०० |
| ८ | शंकरपूर भ्रलनीय देखी मौवावारी मगरघट्टा आर टि ओ सम्म सडकको घर | २०० | २०० |
| ९ | अन्यत्रको घर | १५० | १५० |

## नक्सा प्रमाणित

| सि.नं. | विवरण | आ.व. ०७४।०७५मा स्वीकृत दर रेट | आ.व. ०७५।०७६मा स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | आर टि ओ सडक | ३ | ३ |
| २ | भ्रूलनीया मार्ग | २ | २ |
| ३ | महदैय देखी मयनारी सम्म भिगहा जोडने बाटो | २ | २ |
| ४ | पत्थरदेइया परसोहीय देखी आर टि ओ सडक | १.५ | १.५ |
| ५ | सूरही पूल देखी आर टि. ओ सडक | २.५ | २.५ |
| ६ | महिलवार देखी बरगदवा विजौनीया पडरीया ,गूगौली सम्मको सडक | १.७५ | १.७५ |
| ७ | हल्लानगरको पूल देखी शंकरपूर कूडऊ मिभ्रूनीया विजयनगर प्रेमनगर आर टि ओ सम्म | १.७५ | १.७५ |
| ८ | शंकरपूर भ्रलनीय देखी मौवावारी मगरघट्टा आर टि ओ सम्म सडकको घर | १.२५ | १.२५ |

| | | | |
|---|---|---|---|
| ९ | अन्यत्रको घर | ० | १ |
| १० | साविक घरलाई सदर रु | | २०००। |

**अनुसुची १३**

३०. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरु वाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।